मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ३२ गते बुधबार ❑ 16 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुस्ताङको कोरालानाका पूर्ण सञ्चालनमा ल्याइनेछ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ३१ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक संरचना र पूर्वाधार निर्माणसहित मुस्ताङको कोरालानाका पूर्ण सञ्चालनको तयारी भइरहेको बताउनुभएको छ।

मुस्ताङबाट प्रतिनिधित्व गर्ने सङ्घीय सांसदसहित स्थानीय तहका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले सो जानकारी दिनुभएको हो । यही असार २४ गते गोसाइँकुण्ड गाउँपालिका-२ मा आकस्मिक बाढीका कारण नेपाल-चीन जोड्ने नाका रसुवागढीस्थित भोटेकोशी नदीको मितेरी पुल बगाइ आवागमन बन्द भएकै दिन प्रधानमन्त्री ओलीले सो क्षेत्रको स्थलगत भ्रमण गरी वैकल्पिक मार्ग र नाका पूर्ण सञ्चालनका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभएको थियो ।

प्रधानमन्त्री ओलीले आफूले बेनीघाट-कोराला बाटो निर्माण सुरु गरेको, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई मुक्तिनाथको भ्रमण गराएको, मुक्तिनाथ केबलकार सञ्चालनका लागि प्रक्रिया अघि बढाएको, स्याउको सुपर जोन निर्माण र च्याङ्ग्रापालन आदि काममा प्राथमिकता दिएको पनि स्मरण गराउनुभयो । प्रधानमन्त्री ओलीसँग प्रतिनिधिमण्डलले मुस्ताङको माथिल्लो भेगका लोमान्थाङ र लो-घेकार दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा सरकारले निषेधित क्षेत्र घोषणा गरी प्रतिविदेशी पर्यटक ५०० अमेरिकी डलर शुल्क उठाउँदा पर्यटकहरूमा कमी आएकाले पर्यटन रोयल्टीबारे पुनःविचार गर्न माग गरेको थियो ।

साथै कालीगण्डकी करिडोरको कागबेनी-कोरला सडकखण्डमा कालो पत्र गर्न र आवश्यक संरचना निर्माण गरी कोरनानाका पूर्ण रूपमा सञ्चालनमा ल्याउन माग गरिएको थियो । कोराला नाकामा भन्सार, अध्यागमन, एकीकृत सुरक्षा पोष्ट, सुक्खा बन्दरगाहलगायत व्यापारिक प्रतिष्ठानका भौतिक निर्माण आवश्यक रहेको विषयमा ध्यानाकर्षण गराइएको छ । सडक र नाका पूर्ण सञ्चालन नहुँदा तथा निषेधित क्षेत्रको कार्यान्वयनका कारण माथिल्लो मुस्ताङका होटल तथा स्थानीय व्यवसायी घाटामा रहन बाध्य भएको जनप्रतिनिधिको गुनासो थियो ।

प्रधानमन्त्री ओलीले ती मागहरूको सुनुवाइका लागि सम्बन्धित निकायसँग समन्वय गर्न निजी सचिवालयलाई निर्देशन दिनुभयो । केही दिनअघि प्रधानन्त्रीका निजीसचिव विनोदबहादुर कुँवरसहितको टोलीले कालीण्डकी करिडोरको स्थलगत अध्ययन भ्रमण गरी सडक र नाका सञ्चालनका लागि गर्नुपर्ने पहलका विषयमा प्रतिवेदन तयार गरेको थियो ।

प्रतिनिधिमण्डलमा सङ्घीय सांसद योगेन्द्र गौचन थकाली, लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासीन्हर्वु गुरुङ, लोप्साङ छोम्पेल विष्टलगायत सहभागी हुनुहुन्थ्यो । कागबेनी-कोरला सडकखण्ड ९७ किलोमिटर कालोपत्रका लागि ठेक्का हुन बाँकी रहेको छभने तातोपानी खोला, दानाखोला, पाण्डाखोला, तान्बे खोलामा पुल निर्माणमा ठेक्का तोडिएकाले पुनः सुरु गर्नुपर्ने देखिएको छ ।

## गण्डकीमा ७१ प्रतिशत रोपाइँ

**रासस**
काठमाडौं, ३१ असार



गत आइतबार सम्ममा गण्डकी प्रदेशमा ७१ दसमलव ०३ प्रतिशत रोपाइँ भएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार ६६ हजार नौ सय हेक्टरमा रोपाइँ भइसकेको छ ।

सबैभन्दा बढी लमजुङमा ८६ दसमलब २२ प्रतिशत, कास्कीमा ७७ दसमलब ०७ प्रतिशत, नवलपुरमा ७५ दसमलब ३९ प्रतिशत, तनहुँमा ७४ दसमलब ५९ प्रतिशत, बागलुङमा ६७ दसमलब ०२ प्रतिशत, म्याग्दीमा ६५ दसमलब ६९ प्रतिशत, स्याङ्जामा ६२ प्रतिशत, गोरखामा ६१ दसमबल २४ र पर्वतमा ६० प्रतिशत रोपाइँ भएको हो । यही असार १५ सम्ममा प्रदेशमा जम्मा २८ प्रतिशत रोपाइँ भएकामा त्यसयता नियमित वर्षा भएपछि दुई सातामै ७१ प्रतिशत पुगेको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले बताउनुभयो । साउन पहिलो हप्तासम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने उहाँको भनाइ छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको छ । यस वर्ष ९४ हजार एक सय ८२ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएको निर्देशनालयले जनाएको छ । गत वर्ष ९६ हजार ५३ हेक्टर र आव २०७९/०८० मा ९७ हजार सात सय ६९ हेक्टरमा धान खेती गरिएको थियो । यसले पछिल्लो समय धान खेतीको क्षेत्रफल घट्दै गएको देखाउँछ । घरघडेरीले धानको उब्जाउ क्षेत्र नासिनु, तीब्र सहरीकरण जस्ता कारणले धान खेतीको क्षेत्रफल खुम्चदैं गएको हो । क्षेत्रफल घटेपनि सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकिरा नियन्त्रण, उन्नत बिउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके धानको उत्पादकत्व बढ्ने कृषि अर्थ विज्ञ पौडेलले बताउनुभयो । प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धान खेती हुने गरेको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ । गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् । पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धान खेती गरिन्छ ।

## सेतीनदी माथि पटनेरी र सितापाईलाई जोड्ने पुल उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार



पोखराको दक्षिणी भेगस्थित पोखरा १७ को सितापाईला र १५ को पटनेरीलाई जोड्ने सेतीनदी माथिको मितेरी पुल निर्माण सम्पन्न भएको छ ।

गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार कार्यालय र स्थानीय जनसहभागिता सहित २२ लाख १४ हजार ६४५ रुपैयाको लागतमा सो पुल निर्माण सम्पन्न गरिएको हो । अठ्ठार मिटर लम्वाई र एक दशमल पाँच मिटर चौडाईको सो ट्रष्ट ब्रिज निर्माणसंगै पटनेरीका करिव तीन सय घर परिवारलाई आवतजावतमा सुविधा पुगेको छ । पुल निर्माणले जानकी माविमा अध्ययनरत विद्यार्थीलाई समेत प्रत्येक्ष सुविधा पुगेको छ ।

गण्डकी प्रदेश सभा सदस्य भिमबहादुर कार्कीले सो पुलको आज एक समारोहका बीच उद्घाटन गर्दै पुल सानो भएपनि सुविधाको हिसावले महत्वपूर्ण भएको वताउनुभयो । जनताका आवश्यकता अनुसार विकास निर्माणमा प्रदेश सरकारले जोड दिँदै आएको उहाँको भनाई थियो । पोखरा महानगरपालिका वडा नं. १७ र १५ का वडाअध्यक्ष राधिका शाही योगी र तोरण वानियाले सिमीत श्रोत साधनको भरपुर उपयोग गदै वडाको विकास निर्माणमा जुट्नेको बताउनुभयो । पुल निर्माणले सो क्षेत्रका स्थानीयवासिन्दाका साथै ऐतिहासिक माघे सक्रान्ति मेलाका दर्शक र नदीमा स्नान गर्ने भक्तजनलाई समेत सुविधा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भगवती न्यौपाने सामान्य प्रशासनमन्त्री नियुक्त

**रासस**
काठमाडौं, ३१ असार



राष्ट्रियसभा सदस्य भगवती न्यौपाने सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा नियुक्त हुनुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले न्यौपानेलाई मन्त्री पदमा नियुक्त गर्नुभएको हो । यसअघि मन्त्री राजकुमार गुप्ताले मंगलबार राजिनामा दिएपछि रिक्त पदमा उहाँलाई नियुक्त गरिएको हो ।

नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा सांसद न्यौपानेलाई राष्ट्रपति पौडेलले मन्त्री पदमा नियुक्त गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कृषि ज्ञान केन्द्र कास्कीको वार्षिक समीक्षा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार




कृषि ज्ञान केन्द्र कास्कीको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजित बजेट तथा नीति तथा कार्यक्रमअनुसार कास्की जिल्लामा सञ्चालित विभिन्न योजना र कार्यक्रमहरूको समीक्षा गरिएको हो ।

कार्यक्रमको उद्घाटन जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले गर्नुभयो।प्रमुख पौडेलले कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणको नीति जनस्तरमा प्रभावकारी रूपमा प्रचार गर्न आवश्यक रहेको बताउँदै उत्पादनमुखी रणनीति अझ प्रभावकारी बनाउनुपनेमा जोड दिनुभयो । कृषकहरूले उत्पादन गरेको वस्तु बजारसम्म पुऱ्याउन नसकेको गुनासो बढ्दै गएको उल्लेख गर्दै, उहाँले सम्बन्धित सरकारी निकायलाई उत्पादनको बजारीकरणमा ध्यान दिन आग्रह गर्नुभयो । साथै, उत्पादन नीति र कार्यक्रमसँगै क्रय, विक्रय र विनिमयका क्रियाकलाप सहज बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो ।

कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देलले कार्यालयले ८५ प्रतिशत वित्तीय प्रगति हासिल गरिसकेको जानकारी दिँदै निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिमा पूर्ण प्रतिबद्धताका साथ कार्य गरिरहेको बताउनुभयो । उहाँले कास्की खाद्यान्नमा आत्मनिर्भर हुने दिशामा अगाडि बढिरहेको दाबी गर्दै, हालसम्म ८० हेक्टर क्षेत्रमा आलु खेती विस्तार गरिएको जानकारी दिनुभयो। यसलाई सबैभन्दा ठूलो आलु विस्तार कार्यक्रमको रूपमा उल्लेख गर्नुभयो । स्थानीय बासका कच्चा पदार्थ प्रयोग गरेर निर्माण गरिएका टनेलहरू प्रभावकारी देखिएको बताउँदै, फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम पनि निकै सफल भएको जानकारी दिनुभयो । उहाँले देखिएका कमिकमजोरी क्रमशः सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, रैथाने बाली संरक्षण कार्यक्रममार्फत उवा बालीको व्यावसायिक उत्पादन र प्रवर्द्धनमा उल्लेखनीय उपलब्धि हासिल भएको पनि बताउनुभयो ।

सो अवसरमा उत्कृष्ट कृषकहरूलाई सम्मान गरिएको थियो । सम्मानित कृषकहरूमा अन्नपूर्ण गाउँपालिकाका नरेन्द्र प्रसाद पौडेल, रूपा गाउँपालिकाका जोरेली मिया, माछापुच्छे गाउँपालिकाका कृष्ण प्रसाद दाहाल र पोखरा महानगरपालिकाकी पिन शोभा गुरुङ रहेका छन् । उनीहरूलाई जनही रु १०,००० दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो ।

कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत वरिष्ठ प्रशासन सहायक सोमलाल तिवारीले तथा सञ्चालन कृषि प्रसार अधिकृत रामकृष्ण अर्यालले गर्नुभएको थियो ।

कार्यक्रममा कृषि सम्बन्धित कास्की जिल्लामा रहेका विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरू, कृषक, विज्ञ समूह तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

सीप सिकौं, आत्मनिर्भर बनौं
शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार
एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो
» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering
हाम्रा विशेषताहरू:
● सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने ।
● जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने ।
● प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने ।
● जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृतिको व्यवस्था ।
न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु ।
अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ कलेज
पोखरा-८, फिर्के । फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

# श्रीकृष्ण प्रणामी मन्दिरमा एक महिने श्रमदवीतक चचाए एवं श्रीकृष्ण कथा प्रवचन शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा एक महिने श्रीमदवीचक चर्चा एवं श्रीकृष्ण कथा प्रजचन शुरु भएको छ।

आगामी साउन ३१ सम्म सञ्चालन हुने श्रमदवीचक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले एक समारोहका बीच उद्घाटन गरे । सो अवसरमा वोल्दै मन्त्री थापाले धार्मिक तथा आध्यात्मिक कार्यक्रमले समाजलाई स्वच्छ बनाउन महत्वपूर्ण योगदान दिने बताए । समाजलाई अनुशासित बनाई सभ्य समाज निर्माण गर्न धार्मिक अनुष्ठाले महत्व राख्ने बताउदै पोखराको धार्मिक पर्यटनलाई प्रोत्साहन गर्नका लागि एक महिने श्रीमदवीतक कार्यक्रमले ठूलो टेवा पुग्ने मन्त्री थापाले बताए।

धर्म र संस्कृतिलाई जोडेर लै जान सकेको खण्डमा धार्मिक पर्यटनको क्षेत्रमा उल्लेख्य काम हुने भएकाले पोखरामा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा सरकारले लगानी गरेको बताउदै मन्त्री थापाले प्रदेश सरकारले लगानी गरेको रकमको सदुपयोग



गर्न आग्रह गरे।

त्यस्तै राष्ट्रिय भुमि आयोग कास्कीका अध्यक्ष बैन बहादुर गुरुङले धार्मिक अनुष्ठानको आफ्नै महत्व हुने बताउदै पोखरा महानगरपालिकाले भुमिहिन र विभिन्न सम्पदाका लागि निस्सा वितरण गरेको र हाल सम्म पनि उक्त निस्साहरु भुमि आयोगमा नपठाएको र उक्त निस्सा पठाउने बित्तिकै श्रीकृष्ण प्रणामी मन्दिरको लागि गर्नुपर्ने काम आफ्नो तर्फबाट र आयोगबाट गर्ने प्रतिवद्धता ब्यक्त गरे।

त्यस्तै श्रीकृष्ण प्रणमी सेवा समिति नेपालका केन्द्रीय सदस्य पुरुषोत्तम रेग्मीले श्रीकृष्ण प्रणामी मन्दिरमा बिगतका वर्षहरुमा जस्तै यो वर्षपनि कृष्णजन्माष्टमीको अवसर पारी श्रावण कृष्ण पन्चमी असाढ ३१ देखि भाद्र कष्ण अष्टमी श्रावण ३१ गते सम्म श्रीमदवीतक चर्चाको आयोजना गरिएको बताउदै उक्त कार्यक्रममा सहभागी हुन श्रद्धालु भक्तजनहरुलाई आग्रह गरे। त्यस्तै पत्रकार एमबी आस्था मगरले समाजमा नैतिक शिक्षाको आवश्यक रहेको सन्दर्भलाई मध्ये नजर गरी धार्मिक अनुष्ठानको आयोजना गरि नैतिक शिक्षा प्रदान गर्न श्रीकृष्ण प्रणामी मन्दिर लागि परेकोमा सञ्चालकहरु प्रति आभार प्रकट गरे। त्यस्तै श्रीकृष्ण प्रणामी मन्दिरले धार्मिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याएको र सामाजिक काममा समेत लागि परेको र त्यसलाई निरन्तरता दिन आग्रह गरे। मासबार आमा समुहकी अध्यक्ष शारदा गिरीले वार्षिक रुपमा कृष्ण जन्माष्टमीको अवसर पारी श्रीकृष्ण प्रणामी मन्दिरले श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको आयोजना गरी समाज रुपान्तरण र धर्म रक्षामा लागेकोमा मन्दिर परिवार प्रति आभार प्रकट गरिन।

श्रीकृष्ण प्रणामी सेवा समिति कास्कीका जिल्ला अध्यक्ष कृष्ण ढुंगानाले श्रीकृष्ण प्रणामी मन्दिरले जीवनको उद्देश्य के हो र कर्तब्य के हो भन्ने बारेमा सत्संग रुपी श्रीमदवीतक चर्चाको आयोजना गरिएकाले यसमा सहभागी भएर लाभ लिन आग्रह गरे।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्री कृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले असार ३१ देखि सुरु भएको श्रीमदवीतक कार्यक्रम एक महिना सम्म सञ्चालन हुने र प्रत्येक दिन श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दुबाट संगीतमय कथा प्रवचन हुने बताए । कार्यक्रममा कार्यक्रम संयोजक केशब प्रसाद बरालले स्वागत मन्तब्य राखेका थिएभने सचिव लक्ष्मण बरालले कार्यक्रमको सञ्चालन गरेका थिए । यस अघि श्रीकृष्ण प्रणामी मन्दिरबाट शुरु भएको कलश यात्रा रत्नचोक, सिर्जनाचोक, सभागृहचोक, पृथ्वीचोक, नागढुंगा, चरक अस्पताल हुदै पुन श्रीकृष्ण प्रणामी मन्दिरमा पुगी समापन भएको थियो।

# सहारा क्लब र एजी एक्सप्रेस कार्गो बीच सहयोग सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

पोखराको सहारा क्लब र एजी एक्सप्रेस कार्गो एन्ड कुरियर कम्पनी बीच सहयोग सम्झौता भएको छ।

मंगलबार क्लवमा आयोजित एक समारोहका बिच सहारा क्लबका अध्यक्ष केशवराज बराल र एजी एक्सप्रेसका तुलसी उप्रेती बीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

सम्झौता अनुसार, एजी एक्सप्रेसले विदेशमा पठाइने सामानको ग्लोबल सेल मूल्य अनुसार प्रतिकेजी पाँच रुपैयाँका दरले क्लबलाई वार्षिक सहयोग गर्ने भएको सम्झौता पत्रमा उल्लेख गरिएको छ। त्यसै गरी क्लबका सदस्य, सल्लाहकार तथा शाखा संस्थाहरू (सहारा युके, हङकङ, अष्ट्रेलिया) लाई कार्गो सेवामा १० प्रतिशत छुट समेत दिने भएको छ।

कार्यक्रममा बोल्दै सहारा क्लबका अध्यक्ष बरालले यस्ता सहकार्यले क्लब अझै सशक्त हुँदै



जाने बताउनु भयो। उक्त सहयोगबाट क्लबका बालकहरूको शिक्षा र जीवन पुनःस्थापनामा सहयोग पुग्ने उहाँले जनाउनु भयो। कार्गो कम्पनीका प्रतिनिधि तुलसी उप्रेतीले एजी एक्सप्रेसले हाल २० देशमा सेवा दिइरहेको जानकारी दिनुभयो। वार्षिक २० टन कार्गो कारोबार गर्दै आएको संस्थाले दाबी गरेको छ। सम्झौता अनुसार, सहारा क्लबले आफ्ना सदस्यहरुलाई एजी एक्सप्रेसको सेवा प्रयोग गर्न प्रोत्साहित गर्नेछ भने क्लबका मेगा कार्यक्रमहरूमा कम्पनीको प्रचार प्रसार गर्ने भएको छ।

सम्झौता एक वर्षको लागि मान्य हुने उल्लेख गरिएको छ। आपसी सहमतिमा सम्झौताको अवधि थप गर्न सकिने भएको उल्लेख गरिएको छ।


सम्झौतामा सहारा क्लब हङकङका संस्थापक अध्यक्ष दिपक गुरुङ, बरिष्ठ उपाध्यक्ष एवं सहारा एकेडेमीका संयोजक पूर्णबहादुर गुरुङ, एजी एक्सप्रेसका पोखरा प्रतिनिधि रजत आचार्य, क्लवका पूर्व अध्यक्ष हरिराम गुरुङ विरभद्र आचार्य, बिक्रम थकाली लगायतको सहभागिता रहेको थियो । आउँदो आर्थिक बर्ष २०८२ साउन १ गते देखि उक्त सम्झौता लागु हुने भएको छ।

# शुक्लाले जनकवि केशरी धर्मराज थापालाई सम्झने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

जनकवि केशरी धर्मराज थापाको १ सय १ औं जन्मजयन्तीको अवसरमा पोखरामा विशेष कार्यक्रम गरिने भएको छ।

पोखराको बाटुलेचौरमा रहेको शुक्ला साहित्य प्रतिष्ठानले "सम्झनामा जनकवि केशरी" विशेष स्मृति कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको सचिव रामप्रसाद पौडेलले जानकारी दिनुभयो । कवि स्वर्गीय थापाको जन्म दिनको अवसरमा यही साउन १ गते बिहान बाटुलेचौरमा स्मृतिमा शब्द, साधना र संगीतका विषयमा चर्चा गरिने बताईएको छ । लोक साहित्य र गीत, संगीतका शिखर पुरुष जनकवि थापाले लोक संस्कृतिमा आधारित विभिन्न पुस्तक प्रकाशन गरी र विभिन्न लोक रचनामा आवाज भरेर नेपाली लोक संगीतलाई विश्व



माझ चिनाउनु भएको छ।

उहाँले लेखेको गण्डकीका सुसेली नामक कृतिमा गण्डकी क्षेत्रका विभिन्न ठाउँको ऐतिहासिक परिचय पाउन सकिन्छ ।जीवनको अधिकांश समय लोक साहित्य रचना एवम् खोजी कार्यमा विताउनु भएका थापाले प्रतिष्ठानको स्थापना गर्नुभएको हो । जनकवि केशरीको स्मृतिमा प्रतिष्ठानले राष्ट्रिय पुरस्कार समेत संचालन गरिरहेको छ। उहाँको हरियो डाँडा माथि हलो जोत्ने साथी गीत आज पनि निकै चर्चित छ। उहाँले वि.सं. २०१३ मा राजा महेन्द्रबाट 'जनकवि केशरी' को उपाधि पाउनु भएको हो । वि.सं. १९८१ साउन १ गते पोखराको बाटुलेचौरमा जन्मिएका थापाको वि.सं. २०७१ असोज २८ गते काठमाडौ स्वयम्भु स्थित आफ्नै निवासमा निधन भएको हो । उहाँले विसं २०२५ सालमा "मङ्गली कुसुम" नामक ग्रन्थको लागि पद्य विधामा मदन पुरस्कार प्राप्त गर्नुभएको थियो भने २०५७ सालमा जगदम्बाश्री पुरस्कार र त्यसबाहेक वि.सं. २०२५ को इन्द्रराज्यलक्ष्मी पुरस्कार, वि.सं. २०१३ र वि.सं. २०३१मा शुभ राज्याभिषेक पदक, वि.सं. २०४१मा लोक साहित्य पुरस्कार, रत्नश्री स्वर्ण पदक लगायतका विभिन्न सम्मान पाउनुभएको छ।

# पोखराको पुरानो टुडिखेलमा तेस्रो ऐतिहासिक तिज महोत्सव हुने


**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

पोखरा-१ मा रहेको इन्द्रेणी एकीकृत विकास केन्द्रको आयोजनामा तेस्रो ऐतिहासिक तिज महोत्सव हुने भएको छ।

आउदो भदौ ६ गतेदेखि १५ गतेसम्म पोखराको पुरानो टुडिखेलमा महोत्सव सञ्चालन हुने भएको केन्द्रले जनाएको छ।

आज पोखरामा सम्पन्न बैठकले महोत्सवको तयारी र समन्वयका लागि भानुभक्त अधिकारीको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको छ। समितिले महोत्सवको सफल आयोजना तथा व्यवस्थापनका लागि आवश्यक कार्य अगाडि बढाउने भएको छ । संयोजक अधिकारीले महोत्सवलाई भव्य र सफल बनाउन सबै स्थानीय निकाय, सामाजिक संस्था, वडा कार्यालय, महिला समूह, युवा क्लब तथा पोखरावासीको सक्रिय सहयोग अपेक्षित रहेको बताउनु भयो । नेपाली परम्परागत तिज संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुका साथै स्थानीय कला, संस्कृति र साना व्यवसायलाई प्रोत्साहन गर्नु महोत्सवको मुख्य उद्देश्य रहेको केन्द्रले जनाएको छ।

महोत्सवमा विविध सांस्कृतिक कार्यक्रम, लोकदोहोरी प्रस्तुति, नृत्य, बाल-कला प्रस्तुति, महिला सशक्तिकरणसम्बन्धी कार्यक्रम, र विभिन्न प्रदर्शनीहरू आयोजना गरिने भएको संयोजक अधिकारीले जनाउनु भयो । विस्तृत कार्यक्रम तालिका र उपसमितिहरूको विवरण चाँडै सार्वजनिक गरिने आयोजकले जनाएको छ।



# खानेपानी तथा ढल व्यवस्थापन आयोजना पोखरामा गाभिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ असार

म्याग्दीमा रहेको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय खारेज गरी पोखरामा गाभिने भएको छ।

खानेपानी मन्त्रालयको २०८१ चैत १९ गतेको मन्त्रिस्तरीय निर्णयअनुसार आगामी साउन १ गतेदेखि लागू हुनेगरी बेनीमा रहेको कार्यालय खारेज गरी पोखरामा गाभिन लागेको हो। म्याग्दी, बागलुङ र मुस्ताङ जिल्लामा सङ्घीय सरकारले सञ्चालन गरेका खानेपानी तथा ढल व्यवस्थापनसम्बन्धी आयोजना कार्यान्वयनका लागि विसं २०७७ मा बेनीमा कार्यालय स्थापना गरिएको थियो । कार्यालयमार्फत हिमाली जिल्लामा एक हजार र पहाडी जिल्लामा पाँच हजार भन्दा बढी जनसङ्ख्या भएका क्षेत्रका खानेपानीका साथै ढल ब्यवस्थापनसम्बन्धी आयोजना कार्यान्वयन हुने नीतिगत व्यवस्था छ । म्याग्दीको बहुप्रतिक्षित बृहत् घोप्टे खोला र चिमखोला-पिप्ले-भगवती खानेपानी आयोजना कार्यान्वयन सुरु भएसँगै आयोजना कार्यान्वयन गर्ने कार्यालय पोखरामा सारिँदा ती आयोजना कार्यान्वयनमा समस्या हुने बताइएको छ। कार्यालयमा सिनियर डिभिजनल इञ्जिनियरको नेतृत्वमा तीन इञ्जिनियर, तीन सवइञ्जिनियर, एक/एक जना लेखापाल, नायब सुब्बा, कम्प्युटर अपरेटर, कार्यालय सहयोग र हलुका सवारी चालकको दरबन्दी छ। आयोजना प्रमुख सनम श्रेष्ठले मन्त्रालयको परिपत्रअनुसार साउन १ गतेदेखि पोखराबाट कार्यालय सञ्चालन हुने बताउनुभयो । विसं २०७४/०७५ मा तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खारेज भएपछि म्याग्दीका धैरै खानेपानी आयोजना अलपत्र भएका थिए। यसपटक पनि कार्यालय पोखरा स्थानान्तरण गर्दा पुराना आयोजना कार्यान्वयनमा समस्या हुने भन्दै निर्णय स्थगित गराउन पहल भइरहेको म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले बताउनुभयो । "मैले निरन्तर रूपमा खानेपानीमन्त्रीलाई फोन गरेर म्याग्दीको कार्यालय कायम गराउन आग्रह गरेको छु, उहाँ सकारात्मक हुनुहुन्छ", उहाँले भन्नुभयो।

# सेतीनदी...

पुग्ने उहाँहरुको सामुहिक भनाई थियो । पुलनिर्माण उपभोक्ता समितिका अध्यक्ष मदन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा सदाशिव हरिहर सिद्धेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारी, जानकी मावि व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङ, उपभोक्ता समितिका उपाध्यक्ष नारायण भण्डारी,सचिव विक्रमवावु भण्डारी लगायतले पुलको आवश्यकता र महत्व माथि प्रकाश पार्नुभएको थियो।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# घुस डिलको अडियोले उब्जाएको प्रवृत्ति

देशका प्रमुख दुई ठूला दलको समझदारीमा सत्ता सहयात्रा सुरु भएको एक वर्ष पुगेको छ । नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच भएको सातबुँदे सहमतिको जगमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएको एक वर्ष पूरा भएको छ । कांग्रेस र एमालेबिच २०८१ असार १७ गते भएको सहमति अनुसार राजनीतिक स्थायित्व र संविधान संशोधनसहितको मुद्दामा सहकार्यको आरम्भ भएको हो। सोही सहमतिका आधारमा कांग्रेस, एमालेसहितका दलको समर्थनमा २०८१ असार ३० गते अध्यक्ष ओली प्रधानमन्त्री नियुक्त भएका थिए । अस्थिर राजनीतिक चरित्र भएका दलका नेता भएको परिस्थितिमा सरकार एक वर्ष चल्नुलाई नै सफलता मान्नुपर्छ ।

राजनीतिक अस्थिरता चाहनेहरू र व्यवस्थाविरोधीका लागि वर्तमान सरकारको स्थायित्व अरुचिकर रहेको छाती शक्तिले सरकार ढाल्न अनेक वाहनाका आन्दोलन चलाए।सरकार आजै ढल्ने भोलि ढल्ने सामाजिक संजालमा छायो।सरकार ढाल्न शुरु आन्दोलन व्यवस्था ढाल्नेतिर अघि बढाइयो।व्यवस्था ढलिहाल्न लाग्यो भन्ने प्रचारबाजी भयो । यी सबै प्रोपोगन्डा थिए। अस्थिरता चाहनेहरू विभित्र आवरणमा अहिलेपनि सल्बलाइराखेका छन् । यो सरकारलाई पनि अस्थिर बनाउने एकदम ठुलो प्रयास भइरहेको छ तर एक वर्ष भयो । यो समीकरणको सरकार अघि बढिरहेको छ । अहिलेसम्ममा आधारभूत रूपमा आधारशीला निर्माणका काम भएका छन् । काङ्ग्रेस र एमालेबीचमा दरार ल्याउने काम सफल हुन सकेका छैनन् ।

राजनीतिक स्थायित्वसँगै आर्थिक रूपान्तरण, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा नागरिकको गुनासो सम्बोधन गर्ने सन्दर्भमा सरकारको काम अझै सशक्त हुनुपर्ने महसुस प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नु अहिलेको यथार्थता हो । यो समीकरण २०८४ सम्म जान्छ भन्ने दुवै दलका प्रमुख नेताले भन्दै आएको हुँदा चुनाव सम्म जाने अपेक्षा गर्न सकिन्छ । यदि यो भएमा केही स्थिरता भएको मान्न सकिन्छ तर स्थिरता मात्रै भएर हुँदैन । परिणाम पनि दिनु पर्छ । आफूले सहमति गर्दाका बुँदा पनि सम्झनु पर्छ र संविधान संशोधन र सुधारबारे काम अघि बढाउन ढिलाइ गर्नु हुँदैन । एक वर्षको समीक्षा गरेर नवीन प्रयास थाल्नुपर्छ। "यी काम गर्न स्थायित्व चाहिन्छ । व्यवस्थाविरोधी र अस्थिरता चाहनेलाई ठाउँ दिनै हुँदैन । देशका समस्या समाधान गर्न अझै सक्रिय र जागरुक भएर समाधान गर्दै जानु पर्छ । जनताको असन्तुष्टि सम्बोधन गर्नु पर्छ । कमीकमजोरी सुधार गर्नु पर्छ ।"

घुस लेनदेन संबंधी अडियोमा विवादित बनेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले मंगलबार प्रधानमन्त्रीलाई राजीनामा बुझाएका छन् । एमालेका केन्द्रीय सदस्य एवं सांसद समेत रहेका गुप्ता ७८ लाख घुस लेनेदनमा विवादमा परेका थिए । मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न ५३ लाख र भूमि आयोग कास्कीको अध्यक्ष बनाउन २५ लाख डिल गरेको अडियो सार्वजनिक भएपछि प्रधानमन्त्रीको निर्देशनमा गुप्ताले राजीनामा दिएका छन । गुप्ताको राजिनामा स्वीकृत भए संगै । राष्ट्रिय सभा सदस्य भगवती न्यौपाने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री नियुक्त भएकी छन।घुस काण्डको अडियो विवाद बारे छानबिन हुने भएको छामन्त्रीको राजिनामा मात्र गरेर पुग्दैन छानबिन हुनुपर्छ । बिचौलीयाले कसरी मन्त्रीलाई खेलाउन र विवादमा ल्याउँछन् भन्ने बारेमा अन्य मन्त्रीका लागि सचेत बन्ने अवसर पनि हो । ' प्रश्न उठेपछि कारबाही गर्ने भन्ने नै थियो । यसअघि पनि सोधखोज भएको थियो । मन्त्रीको जवाफमा चित्त नबुझेपछि प्रधानमन्त्रीले सोमबार बिहान बालुवाटारमा बोलाएर २४ घण्टामा राजीनामा दिन भनेका थिए ।

घुसकाण्डमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी र तत्कालीन मन्त्री रंजिता श्रेष्ठ पनि तानिएकी छन। यही मन्त्रालय मातहतका निकायमा सरुवा र नियुक्तिका विषयमा अडियो सार्वजनिक भएको हो । बिचौलियाले मन्त्री अधिकारीलाई ३१ लाख दिएको दाबीसमेत गरेका छन् । अधिकारीले सोमबार प्रतिनिधिसभाको बैठकमा आफूलाई विवादमा तान्न खोजिएको भन्दै अनियमितता पुष्टि गरे सजाय भोग्न तयार रहेको बताएका थिए । एमालेबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बनेका दामोदर भण्डारीमाथि समेत प्रश्न उठ्ने गरेको छ । कांग्रेसमा पनि सरकारको एक वर्ष पुगेकाले केही मन्त्री हेरफेर गर्न केन्द्रीय कार्यसमिति बैठकमा कुरा उठेको थियो । 'कांग्रेस र एमालेबाट दुई/तीनजनाको दरले मन्त्री फेर्ने गरी छलफल भइरहेको छ । कांग्रेसबाट शहरी विकास मन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री आरजु राणा देउवा बाहेकका केही मन्त्रीलाई फेर्ने तयारी गरेको कांग्रेस बृतमा चर्चा छ । सरकारको एक वर्ष पुगेको हुँदा केही हेरफेर गर्ने बारेमा दुई दलमा चर्चा चलाइएको छ । यी दुई दलका शिर्ष नेताले गर्ने निर्णय हो ।बाहिर चर्चा गर्ने विषय होइन । कांग्रेस , एमाले र जसपा नेपालका शिर्ष नेताको छलफल सरकारमा जसपाको प्रवेशको बारेमा भएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यासित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# मौसमी रुघाखोकी के हो ? कसरी बच्ने ?

**-डा सुनिल शर्मा आचार्य**



साधारणतया वर्षा यामको सुरु तथा अन्त्य र जाडो यामको सुरु तथा अन्त्यमा रुघाखोकी ज्वरो, इन्फ्लुएञ्जाका बिरामी बढी देखिने गर्दछन् । मौसमी रुघाखोकी, भाइरल इन्फ्लुएञ्जा भाइरस अथवा रुघाखोकी मात्रै जे भने पनि यी सबै भाइरल इलनेस हुन् ।

यो इन्फ्लुएञ्जा भाइरसको कारणले हुन्छ ।

यो भाइरसको ठ्याक्कै उपचार हुदैन। सामान्य रुपमा दुई चार दिन या एक हप्ता रुघा खोकी लागेर निको हुने हुन्छ ।

यदी रोग प्रतिरोधात्मक क्षमता कम भएको बिरामी छ भने उनीहरुलाई सामान्य रुघाखोकीले पनि निमोनियाको रुप लिन सक्छ । वृद्दवृद्धा, दीर्घरोगि, दमका बिरामीहरु, सुगरका बिरामी, कडा खालको औषधि खाईरहेको बिरामीहरु अथवा कुनै क्यान्सर, किड्नीका बिरामी, गर्भवती र बालबालिकाहरुलाई मौसमी रुघाखोकीको जोखिमको सम्भावना उच्च हुन्छ। यो समुहका बिरामीहरुलाई रुघा लग्यो भने अस्पताल नै भर्ना गर्नु पर्ने या मृत्यु नै हुने सम्मको जोखिम हुन्छ। हामीले जोगाउने भने यही समूहका बिरामीहरुलाई हो । उनीहरुको रोगसंग लड्ने क्षमता कम हुन्छ । त्यसकारण उनीहरुलाई वर्षमा एकपटक लगाउने इन्फ्लुएञ्जाको भ्याक्सिन लगाउन सकिन्छ । त्यो भ्याक्सिन लगाउँदा मौसमी रुघाखोकीबाट जोगिन र यदी लागिहाल्यो भने पनि धेरै जटिल नहुने हुन्छ ।

चिसो मौसम सुरु हुन भन्दा अगाडी उक्त सुई लगाउनाले प्रभावकारी काम गर्छ । यो वर्ष वर्षमा लगाउनु पर्छ । निमोनियाको पनि भ्याक्सिन हुन्छ । उक्त भ्याक्सिन एकपटकलगाई सकेपछि पांच वर्ष सम्मलाई काम गर्छ । जतिपनि बिरामीहरु मौसमी रुघाखोकी लाएर अस्पताल आईपुग्नु हुन्छ उहाँहरु सबैले औषधि खाएर आउनु हुन्छ । प्रायः बिरामीले एन्टीवायोटिक खाईरहनु भएको हुन्छ । जुन मौसमी रुघाखोकीमा आवश्यकता नै छैन । त्यसले त उल्टो शरीरमा हानि गर्छ। एन्टीवायोटिकहरु अनावश्यक प्रयोग गर्नु हुदैन ।

मौसमी रुघाखोकीमा टाउको दुख्ने, घाँटी दुख्ने, रुघाखोकी लाग्ने, श्वास फेर्न गाह्रो हुने, ज्वोरो आउने लगाएतका लक्षणहरु देखा पर्छन् । कोभीडको समयमा जस्तैखोक्दा हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने, साबुन पानीले हात धुने, भिडभाडमा नजाने लगायतका चिजहरु पालना गर्नु पर्छ ।

कसरी बच्ने ?

- खोक्दा या हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने
- साबुन पानीले मिचीमिची हात धुने
- आनावस्यक रुपमा मानिसहरुको भीडभाड भएको ठाउँमा नजाने ।
- अनावस्यक रुपमा आँखा, नाक तथा मुखमा हात नलैजाने ।
- अरुले प्रयोग गरेका रुमाल याकपडा प्रयोग नगर्ने ।
- रुघाखोकी लागेका मानिसहरुसंग भौतिक दुरी कायम राख्ने
- पोषिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने
- चिसोबाट जोगिने
- तातोपानी खाने, बाफ लिने
- सामान्य खोकी लागेको समयमा घरेलु औषधिहरु (तुलसीको पातको रस) खाने

-इन्फ्लुएञ्जाकोभ्याक्सिन लगाउने

(डा आचार्य परोपकार प्रसुती गृह तथा स्त्री रोग अस्पतालमा कार्यरत छन् ।)

# चीन सरकारद्वारा राखेपलाई विभिन्न सामग्री सहयोग

**रासस**
मुस्ताङ, ३१ असार

चीनको युनान प्रादेशिक खेलकुद ब्युरोले राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई खेल सामाग्री तथा स्वास्थ्य परिक्षण उपकरण सहयोग गरेको छ ।

नेपालस्थित चिनियाँ दूतावासका डेपुटी चिफ दि मिसन वाङ भिनले राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङलाई अन्तरराष्ट्रिय खेलकुद परिसरमा आज आयोजित एक कार्यक्रमबीच करिब रु ८५ लाख बराबरका विभिन्न ३४ प्रकारका खेल सामग्री हस्तान्तरण गर्नुभएको थियो । त्यस अवसरमा राखेप उपाध्यक्ष ध्रुव आचार्यले सहयोगका लागि चीन सरकारलाई धन्यवाद दिँदै सामग्रीले खेलाडीको प्रशिक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सदस्य-सचिव घिसिङले नेपाल र चीनबीच धेरै क्षेत्रमा राम्रो सम्बन्ध स्थापित भएको बताउँदै हरेक वर्ष यस्तै सहयोगले प्राप्त हुने प्रतिबद्धता पाएको बताउनुभयो । उहाँ २० औँ एसियाली खेलकुद आउन १३ महिना मात्र बाँकी रहेकाले दृढ सङ्कल्पका साथ प्रशिक्षण अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । डेपुटी चिफ दि मिसन वाङले यस सहयोगले थोरै भए पनि नेपाली खेलकुदको विकासमा टेवा पुग्ने बताउनुभयो । युवा तथा खेलकुद मन्त्रालयका सहसचिव रामचरित्र मेहताले चीन सरकारले विगतमा पनि सहयोग गर्दै आएको स्मरण गर्नुभयो ।

# डिजेल र पेट्रोलको मूल्य घट्यो

**रासस**
काठमाडौं, ३१ असार

नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बुधबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर १ रुपैयाँ र पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर एक सय ४५ रुपैयाँ ५० पैसा, एक सय ४७ रुपैयाँ र एक सय ४८ रुपैयाँ तथा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ रुपैयाँ र एक सय ६० रुपैयाँ तोकिएको छ । इन्डियन आयल कर्पोरेसशनबाट बिहीबारप्राप्त नयाँ मूल्यसूचीअनुसार डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# कालीगण्डकी नदीमा बेलिब्रिज जडान

**रासस**
मुस्ताङ, ३१ असार

यहाँका घरपझोङ गाउँपालिका-२ र १ जोड्ने कालीगण्डकी नदीमा बेलिब्रिज निर्माण सम्पन्न भएको छ । दुई वर्षमा बेलिब्रिज निर्माण सम्पन्न भएको हो ।

बेलिब्रिज निर्माणका लागि सङ्घीय विशेष अनुदानको रु एक करोड ९७ लाख र घरपझोङ गाउँपालिकाको रु ९० लाख लागत साझेदारी गरी जम्मा रु दुई करोड ८७ लाख २६ हजारमा बेलिब्रिज निर्माण गरिएको गाउँपालिकाका सबइन्जिनियर राजन कँडेलले जानकारी दिनुभयो ।

सो बेलिब्रिजको लम्बाइ ४२ मिटर र चौडाइ ४.२० मिटर छ । बेलिब्रिज निर्माणका लागि रविचक्र निर्माण सेवाले ठेक्का लिएको थियो ।

राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक राजमार्ग नजिकै भएर पनि कालीगण्डकी पारि ओझेलमा परेका घरपझोङ–१ छैरो र चिमाङ गाउँका स्थानीय किसानलाई बेलिब्रिज निर्माणले राहत पुगेको सो वडाका वडाध्यक्ष आशबहादुर थकालीले उल्लेख गर्नुभयो ।

# हवाई उद्धारले दूरदराजका गर्भवतीको जीवनरक्षा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

गत शनिबार बागलुङको बुर्तिबाङबाट एकैदिन दुई गर्भवतीलाई हवाई उद्धार गरी काठमाडौँ पुऱ्याइयो । सुत्केरी हुनका लागि प्रादेशिक अस्पतालमा बुर्तिबाङ आउनुभएकी ढोरपाटन नगरपालिका-८ की २३ वर्षीया देवी सुनारको अवस्था नाजुक थियो । ढोरपाटन उपत्यकामा बस्दै आउनुभएकी देवीलाई सुत्केरी व्यथा लागेपछि असार २७ गते बर्थिङ सेन्टरमा पुऱ्याइयो ।

बर्थिङ सेन्टरमा पुग्दा अवस्था जटिल बनेपछि स्वास्थ्यकर्मीले प्रादेशिक अस्पताल बुर्तिबाङमा प्रेषण सेवा (रेफर) गरेका थिए । अघिल्लो दिन ढोरपाटनबाट रेफर हुनुभएकी देवी २८ गते बिहानमात्रै बुर्तिबाङ अस्पतालमा आउनुभयो । अस्पतालका चिकित्सक अविनाश पोखरेलले हतारहतार उहाँको स्वास्थ्य परीक्षण गर्नुभयो । स्वास्थ्य परीक्षण गर्दा थाहा भयो की देवीको पेटमा बच्चा खेल्ने पानी सुकेको थियो । यस्तो अवस्थामा आमा र बच्चाको जोखिम हुनेहुँदा तत्काल विकलाई सुविधा सम्पन्न अस्पताल पठाउने निर्णय गरिएको डा पोखरेलले बताउनुभयो । स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशसहित अन्य निकायमा हेलिमार्फत उद्धारको प्रयास गरिँदा ढोरपाटन नगरपालिका-५ की ३८ वर्षीया हुमी विक अस्पताल पुग्नुभयो ।

पेट दुखेर उपचारका लागि अस्पताल आएको बताउँदै उहाँले स्वास्थ्य परीक्षणपछि आफू गर्भवती छु भन्ने थाहा भएको उल्लेख गर्नुभयो । डा पोखरेलसहितको विकको स्वास्थ्य परीक्षण गरेसँगै शङ्कास्पद रिपोर्ट आएपछि उहाँको पिसाब परीक्षण गरियो । "उहाँको डेढ महिनाको बच्चा पाठेघरमा नभएर डिम्बबाहिनी नलीमा थियो । बच्चा पाठेघरभन्दा बाहिर बस्दा डिम्बबाहिनी नली फुटेको थियो । यस्तो अवस्थामा हुमीकोसमेत शल्यक्रिया गर्नुपर्ने हुँदा चिकित्सकले दुवै जनालाई हेलिमार्फत काठमाडौँस्थित पाटन अस्पतालमा पठाएको हो", उहाँले भन्नुभयो । बुर्तिबाङ अस्पतालमा यस्तै प्रकृतिका समस्या भएका महिला समयसमयमा आइराख्ने अस्पतालकी नर्सिङ निरीक्षक पार्वती अर्यालले बताउनुभयो । देवी र हुमी दुवै जनाको बुर्तिबाङ अस्पतालमा शल्यक्रिया जटिल हुनेहुँदा हेलिमार्फत काठमाडौँ पठाइएको उहाँले जानकारीदिनुभयो। "अस्पतालमा खासगरी दूरदराजका बिरामी उपचार गर्न आउने गर्छन् । गाउँमा सामान्य क्लिनिकमा उपचार गर्दा निको नभएपछि बल्ल बजार झर्ने गर्छन् । अधिकांश गर्भवती गाउँमा बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेर अटिल अवस्थामा पुगेपछि मात्रै आउने गरेका छन्", उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, "यस वर्ष पनि धेरै गर्भवतीलाई हेलिकप्टरमार्फत पोखरा र काठमाडौँ पठाएका छौँ, कतिपयको यहाँ पनि शल्यक्रिया गरेर बच्चा निकाल्ने गरेका छौँ, यहाँ बढी उपकरण नहुँदा अली जटिल भएकालाई सुविधायुक्त अस्पतालमा पठाउने गरेका हौँ, यस क्षेत्रमा अझै पनि महिला घरमै सुत्केरी हुन्छन्, यहाँबाट पठाइएको दुई जनाको शल्यक्रिया सफल भएको छ, अहिले उहाँहरूको स्वास्थ्य सामान्य रहेको जानकारी पाएका छौँ ।" बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई चालु आर्थिक वर्षदेखि प्रादेशिक अस्पतालका रूपमा स्तरोन्नति गरी सेवा दिन थालिए पनि अहिलेसम्म त्योअनुसारको सुविधा दिन सुरु भएको छैन । सोही कारणले यहाँबाट जटिल किसिमका गर्भवतीलाई हेलिमार्फत पोखरा काठमाडौँ पुऱ्याउनुपर्ने बाध्यता छ । बुर्तिबाङबाट मात्रै होइन सिङ्गो गण्डकी प्रदेशका विकट जिल्लाबाट गर्भवतीलाई हेलिकप्टरमार्फत उद्धार गरिँदै आइएको उहाँको भनाइ छ । "प्रदेशस्थित स्वास्थ्य मन्त्रालयका अनुसार चालु आवको एक वर्षमा ६५ जना गर्भवतीको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । दूरदराजका गर्भवती बढी छन् । त्यसमध्ये बागलुङ जिल्लाबाट सबैभन्दा बढी गर्भवतीको उद्धार गरिएको छ । यस वर्ष बागलुङबाट मात्रै ३० जना गर्भवतीको हेलिकप्टरमार्फत उद्धार गरिएको हो", पोखरेलले भन्नुभयो । सबैभन्दा कम मनाङ र पर्वतबाट उद्धार भएको स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका मेडिकल रेकर्ड निरीक्षक बुद्धिसागर अधिकारीले जानकारी दिनुभयो । उक्त दुई जिल्लामा दुई/दुई जना गर्भवतीको उद्धार भएको उहाँको भनाइ छ । अधिकारीका अनुसार म्याग्दीबाट १७, मुस्ताङबाट छ, गोरखाबाट चार र लमजुङबाट चार जनाको उद्धार गरिएको छ । कास्की, नवलपुर, स्याङ्जा र तनहुँ जिल्लाबाट एक जनाको पनिउद्धार गर्न नपरेको अधिकारीले बताउनुभयो । "यस वर्ष गण्डकी उद्धार गरेका अधिकांश गर्भवती दुर्गम ठाउँका छन्, अशिक्षा, गरिबी र चेतनाको अभावले गर्दा दुर्गम गाउँठाउँका महिलाले नियमित गर्भ परीक्षण नगर्दा एकैपटक सुत्केरी हुनेबेला जटिल समस्या देखिन्छ, त्यसपछि उद्धार गरेर सुविधायुक्त अस्पतालमा पठाउनुपर्ने हुन्छ", अधिकारीले भन्नुभयो, "बर्थिङ सेन्टर व्यवस्थित गर्ने र सचेतनासम्बन्धी कार्यक्रम गरेर यो अवस्थालाई कम गर्न सकिन्छ, सुगम मानिएका जिल्लामा एक जनाको पनि उद्धार गर्नुपरेको छैन ।" गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण पाठकले नागरिकको जीवनरक्षा गर्ने जिम्मेवारी सकारको भएकले जटिल अवस्थाका गर्भवतीको हेलिकप्टरमार्फत उद्धार गर्दै आइएको बताउनुभयो । गण्डकी प्रदेशमा धेरै विकट ठाउँ रहेकाले ती सबै ठाउँमा विशिष्टिकृत सुविधा दिने अस्पताल नहुँदा जटिल अवस्थाका गर्भवतीलाई हेलिमार्फत उद्धार गर्नुपरेको उहाँको भनाइ छ । गण्डकी प्रदेश र सङ्घीय सरकारले नीति तथा कार्यक्रममै हेल उद्धारलाई समावेश गरेको उहाँले बताउनुभयो ।

मन्त्री पाठकले भन्नुभयो, "सबै बिरामीको हेलिकप्टरमा उद्धार हुँदैन, जो सुत्केरी हुन नसकेर ज्यान जोखिममा परेका हुन्छ त्यस्ता महिलालाई यो सुविधा दिनुपर्छ, नागरिकको जीवन बचाउने जिम्मा सरकारको हो, सबै ठाउँमा सुविधा सम्पन्न अस्पताल हुँदैन, एकैछिन उद्धार भएन भने अप्रिय घटना हुनसक्छ, कसैको ज्यानै नरहन सक्छ, त्यसले गर्दा सरकारले हेलिकप्टरमार्फत उद्धार गर्ने नीति ल्याएको हो ।"

# पर्यटक लोभ्याइरहने घान्द्रुक, गुरुङ समुदायको जीवन्त सङ्ग्रहालय

**जमुना वर्षा शर्मा**
म्याग्दी, ३१ असार

जब प्रकृति, संस्कृति र आतिथ्यता एकै ठाउँमा भेटिन्छन्, त्यहाँ पुग्ने पर्यटकले पनि अलौकिक आनन्दको अनुभूति गर्छन् ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक पनि यस्तै प्रकृति, संस्कृति र आतिथ्यताको संगम हो भन्दा फरक पर्दैन । यहाँको मौलिक संस्कृति र यहाँबाट देखिने हिमश्रृङ्खलाका सुन्दर दृश्यले पर्यटकलाई लोभ्याइरहेको छ । पर्यटन राजधानी पोखराबाट करिब ६० किलोमिटरको दुरी र अन्नपूर्ण हिमालको काखमा लुटुपुटिएको घान्द्रुक पर्यटकीय गाउँ मात्रै होइन, गुरुङ जातिको जीवन्त सङ्ग्रहालय पनि हो । जहाँ ढुङ्गाले छाएका घरहरू, सफा र चिटिक्क परेका गल्लीहरू, हँसिला अनुहार र मुस्कुराइरहेका हिमालले घान्द्रुकलाई जीवन्त बनाएका छन् । काठमाडौँबाट घुम्न आउनुभएका शिक्षक छवि थापाले आँखै अगाडिको सुन्दर हिमाल र गुरुङ समुदायको आतिथ्यताबाट आफू निकै प्रभावित भएको बताउनुभयो । "बर्खायाम घुम्नका लागि उपयुक्त होइन भन्दाभन्दै पनि हामी घान्द्रुक आइपुगेका थियौँ, यहाँ आइसकेपछिको आनन्द बेग्लै पायौँ, बादलको घुम्टोभित्र लुकेको हिमालसँगै स्थानीयको आत्मियताले हामीलाई लोभ्यायो", उहाँले भन्नुभयो । पतिसँगै घुम्न आउनुभएकी बेसीसहरकी अनुजा न्यौपानेले यहाँको शान्त वातावरण र सुन्दर हिमालका दृश्यले यहाँ आइपुग्दाको थकान मेटाइदिएको अनुभव सुनाउनुभयो । "घान्द्रुकका बारेमा जति सुनिएको थियो, त्योभन्दा धेरै पाएँ, यहाँको सुन्दरता र आतिथ्यता सधैंभरी सम्झनामा रहनेछ", उहाँले भन्नुभयो ।

पर्यटन प्रवर्द्धनको कार्यक्रम लिएर घान्द्रुक आइपुग्नुभएका गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकीका पूर्वअध्यक्ष नवराज अधिकारीले घान्द्रुक गुरुङ समुदायको जीवन्त संस्कृति र परम्परा धानेको गाउँ भएको बताउनुभयो । "घान्द्रुक गुरुङ संस्कृतिको एउटा धरोहर हो, यहाँका घरहरूको वास्तुकला अद्वितीय छ, ढुङ्गाले बनेका र स्लेटले छाएका परम्परागत घरहरूले गाउँलाई मौलिक रुप दिएका छन्, सफा र चिटिक्क परेका ढुङ्गे गल्लीहरूमा हिँड्दा बेग्लै आभास हुन्छ ।"

पूर्वअध्यक्ष अधिकारीले गाउँमा निर्माण भएको गुरुङ सङ्ग्रहालयले गुरुङ जातिको परम्परागत जीवनशैली, प्रयोग गर्ने भाँडाकुँडा, हतियार र वेशभूषाको जीवन्त प्रदर्शनी गरेको बताउनुभयो । "हामीले प्रवर्द्धन गर्ने भनेको यही मौलिकता र आत्मीयपन हो, जसले पर्यटकलाई पटक-पटक यहाँ आउन प्रेरित गर्छ ।"

यहाँका अधिकांश घरबास (होमस्टे) महिलाले सञ्चालन गरेका छन् । यसले महिलालाई आर्थिक सशक्तीकरणमा पनि टेवा पुऱ्याएको पूर्वअध्यक्ष अधिकारीको भनाइ छ । घान्द्रुकमा आशीष होमस्टे सञ्चालन गर्दै आउनुभएका हरिमाया गुरुङले घान्द्रुक आउने पर्यटकका कारण आफूहरू आर्थिक रूपमा आत्मनिर्भर भएको बताउनुहुन्छ । "घान्द्रुक हाम्रो जीवन र पहिचान हो, पाहुनालाई पारिवारिक वातावरणमा सेवा दिइरहेका छौँ, त्यसैले उहाँहरू फर्किफर्कि आउनुहुन्छ", उहाँले भन्नुभयो, "चुल्होचौकोबाट सुरु भएको मेरो यात्रा आज पर्यटन र आत्मनिर्भरताको कथा बनेको छ । हिमाल हेरेर हुर्किएका हामी महिलाहरू, आज आफ्नै खुट्टामा उभिएर संसारलाई स्वागत गरिरहेका छौँ ।" पछिल्लो समय यहाँका स्थानीयका लागि पर्यटन आयआर्जनको मुख्य स्रोत हो । होटल सञ्चालक विभिमाया गुरुङले भन्नुभयो, "होमस्टेमा आउने पाहुनाहरू यहाँको रहनसहन संस्कृति र प्राकृतिक सुन्दरतामा रमाउने गर्छन्, हामीले पनि सकेसम्म राम्रो आतिथ्यता प्रदान गर्दछौँ, पाहुनाहरूले विशेष गरी यहाँको सुन्दरता र परिकारमा बढी रमाउनुहुन्छ ।" पछिल्लो समय उहाँमा नयाँ पुस्ताले होमस्टे एवं होटल सञ्चालनमा चासो नदेखाउँदा घान्द्रुकको मौलिकता र सुन्दरता हराउने हो कि भन्ने चिन्ता छ । "नयाँ पुस्ता गाउँमा दुःख गर्न खोज्दैन, विदेश जाने रहरले गर्दा आफ्नो मौलिक पहिचान बोकेको घान्द्रुकको विशेषता लोप हुने हो कि भन्ने चिन्ता पो लाग्छ मलाइ त", उहाँले भन्नुभयो । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु केसीले घान्द्रुक पर्यटकीय गाउँ भएकाले यसको विकासका लागि पर्यटन केन्द्रित कार्यक्रममा जोड दिएको बताउनुभयो । घान्द्रुक देश विदेशका पर्यटकको घुम्न आउने गन्तव्यको रूपमा विकास भएको उहाँको भनाइ छ । अध्यक्ष केसीले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा पर्यटन विकासका लागि रु २० लाख बजेट विनियोजना गरेको जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ सञ्चालित अधिकांश होटल र घरबास (होमस्टे) हरूले पर्यटकलाई व्यावसायिक सेवा मात्र नभई पारिवारिक वातावरण प्रदान गर्छन् । यहाँ आउने पर्यटकले विशेष गरी कोदोको ढिँडो, गुन्द्रुकको अचार, सिस्नुको तरकारी र लोकल कुखुराको मासु मन पराउने गरेको उहाँको भनाइ छ । हिमश्रृङ्खला, चियावगान, मेश्रमबराहसँगै गाउँमा रहेको पुरानो गुरुङ सङ्ग्रहालय पर्यटकहरूका लागि अर्को आकर्षणको केन्द्र हो, जहाँ गुरुङ जातिको ऐतिहासिक रहनसहन, प्रयोग गरिने सामग्रीहरू र वेशभूषाहरूको अवलोकन गर्न सकिन्छ । साँझपख आमा समूहहरूले प्रस्तुत गर्ने परम्परागत सांस्कृतिक नाच (घाँटु, सोरठी) ले पर्यटकलाई गुरुङ संस्कृतिमा अझ नजिकबाट साक्षात्कार गराउँछ । घान्द्रुकमा प्राकृतिक सुन्दरता मात्र होइन, लोकजीवन, संस्कृति, अर्गानिक कृषि, पारम्परिक खाना, घरपसल र महिलाहरूको आत्मनिर्भरता पनि पर्यटकहरूका लागि आकर्षण बनेको छ । फागुन चैतमा ढकमक्क फुल्ने गुराँसले सौन्दर्य यस गाउँको थप विशेषता हो ।

# आर्वामा १५ प्रजातीका १५०० बिरुवा रोपियो

**निखिल सापकोटा**
पोखरा, ३१ असार




रोटरी क्लव अफ़ नक्साल शक्ति र रोट्रयाक क्लव अफ़ नक्साल शक्तीको संयुक्त व्यवस्थापनमा पोखरा महानगरपालिका वडा नम्बर १३ आर्वामा बृहत बृक्षारोपण कार्यक्रम गरिएको छ ।

सो अवसरमा फलफुल तथा अन्य गरी १५ प्रजातीका बिभिन्न १५०० बिरुवा रोपिएको सुनडाँडा टोल विकाश संस्थाका सचिव रामेश्वर बराल (रामुकाका ) ले जानकारी दिए । आर्वा स्थित सुनडाडाँ टोलविकास संस्थाको आयोजना तथा पोखरा १३ कासम्पुर्ण टोलबासिको सहकार्यमा बृक्षारोपण गरिएको हो । वडा नम्बर १३ काहुँखोला देखि महाप्रभुधामसम्मको करिब ५ किलोमिटर पक्की सडकको दायाँ बायाँमा '' वृक्षरोपण गरिएको छ । "भबिष्य बढाउ : २०२५ लाई हरियो वर्ष बनाउ " भन्ने मुलनाराका साथ आयोजना गरिएको बृक्षारोपण कार्यक्रममा रोटरी क्लव अफ नक्साल शक्तिका अध्यक्ष रोटरियन अप्सरा कोईराला, क्लबका सस्थापक अध्यक्ष रोटरयन डा. लुना शर्मा, गण्डकी प्रदेशकी पहिलो उप-सभामुख सृजन शर्मा, रोटरी क्लव पोखराका पुर्व अध्यक्ष डिस्ट्रक ३२९२ का क्षेत्रिय संयोजक रोटरियन जितेन्द्र सिग्देल, रोट्याक क्लवका सस्थापक अध्यक्ष विप्लब ज्ञवाली, सुनडाडाँ टोलविकास संस्थाका अध्यक्ष शम्भुबहादुर बराल, वडासदस्य सुचित तामाङ्ग सहितको उपस्थिती रहेको थियो । सो अवसरमा रोटरी र रोट्रयक क्लवका सम्पूर्ण कार्यसमितिका पदाधिकारी सदस्यहरु समेत सहभागी थिए । कार्यक्रमको सञ्चालन रोटरि क्लवका सचिव ईन्जिनियर धुव्र पौड्यलले गरेका हुन् ।

# अट्ठाइस जातका केराको परीक्षण गरिँदै

**रासस**
चितवन, ३१ असार

पूर्वी चितवनको रत्ननगरमा २८ जातका केराको जातीय परीक्षण थालिएको छ । रत्ननगर नगरपालिका-१३ स्थित भन्तना केरा अनुसन्धान केन्द्रमा परीक्षण थालिएको हो ।

केन्द्रका सञ्चालक समृद्ध भन्तनाले १२ बिघा क्षेत्रफलमा केरा लगाएर जातीय परीक्षण तथा विभिन्न परिकारको परीक्षण सुरु गर्नुभएको हो । व्यावसायिक रूपमा जी-९ केरा लगाए पनि उहाँले जातीय परीक्षणका लागि विभिन्न जातका मालभोग, चिनी चम्पा, हाइब्रिड, जोगी केरा, मुग्रे, धुस्रे, मालुङ्गे, झप्री, मिर्कोटे, घीउकुमारीलगायत स्थानीय, स्वदेशी तथा विदेशी जातका केराको परीक्षण सुरु गर्नुभएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यहाँ लगाइएका केराको आनुवंशिक विविधता अध्ययन भइरहेको छ ।" यहाँका स्थानीय जातका केरामा पानामा रोगसँग लड्ने क्षमता, सिवाटोवा, वन्चिटप जस्ता रोगसँग लड्ने क्षमताको अध्ययन गरिएको छ । विगत ३ वर्षदेखि केराको जातीय परीक्षण गर्दै आउनुभएका भन्तना हाल नतिजा कस्तो हुन्छ भन्नेमा ध्यान केन्द्रित गरिएको बताउनुहुन्छ । उहाँले केन्द्रमा आलुको चिप्स, सुकुटी, आलुको लिटो, पेयपदार्थ (वाइन) लगायत उत्पादनको तयारीमा हुनुहुन्छ । वाइन र लिटोका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले सहयोग गरेको छ । रैथाने बालीबाट केकस्ता वस्तु उत्पादन गरेर विश्व बजारमा पुऱ्याउन सकिन्छ भन्ने विषयमा अध्ययन गरिएको उहाँले बताउनुभयो । कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट जैविक प्रविधि विषयमा स्नातकोत्तर गर्नुभएका भन्तना केराखेती गरेर विभिन्न किसिमका उत्पादन गर्न सकिने बताउनुहुन्छ । राज्यले कृषि क्षेत्रमा गरेको लगानीबाट प्रतिफल लिन सके युवापुस्ता विदेश पलायन हुनुपर्ने बाध्यता हट्ने उहाँको भनाइ छ ।

# जल्धारे सहकारीको उधमशिलता तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

पोखरा महानगरपालिका वडा नं २६ को वुढिवजारमा रहेको जल्धारे बचत तथा ऋण सहकारी संस्थाले महिला शेयर सदस्यहरुका लागि उद्धमशिलता तालिम दिएको छ ।

महिलाहरुमा ज्ञान र सिप बृद्धि गरि आय आर्जनमा जोडिन सहज हुने गरि सस्थाले विगतका वर्षहरुमा जस्तै यस वर्षपनि आफ्ना ३० जना महिला शेयर सदस्यहरुलाई दुई दिने बुके बनाउने तालिमको आयोजना गरेको हो ।

स्थानिय स्तरमा रहेका कच्चा पदार्थको प्रयोग गरि आय आर्जन गर्न सकिने गरि आयोजना गरिएको तालिम समापन समारोहमा वोल्दै सस्थाका अध्यक्ष विष्णु प्रसाद वरालले तालिमा सिकेको सिपको प्रयोग गरि ब्यवसायिक उत्पादनमा जोडिन आग्रह गरेका थिए । सोही अवसरमा लेखनाथ उद्योग बाणिज्य संघकी महासचिव जानुका अधिकारीले महिलाहरुको सिप विकासका लागि संघले पनि समय समयमा तालिमको आयोजना गरिरहेकाले थप तालिमको आवस्यक परेमा संघले सहयोग गर्ने वताएकी थिईन । कार्यक्रम संयोजक सृजना तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षातको तर्फवाट खोम कुमारी अधिकारी र पार्वती न्यौपानेले तालिम फलदायी र जिवन उपयोगी भएको प्रतिक्रया दिएका थिए भने प्रशिक्षक मेनुका श्रेष्ठले हस्तकलाका सामाग्रीको उत्पादन महत्वपुर्ण हो यसका लागि बजारको कुनै समस्या नरहेको वताएकी थिईन ।

जल्धारे बचत तथा ऋण सहकारी संस्थाकी उपाध्यक्ष शारदा देवि वरालले स्वागत मन्तव्य राखेको उत्त कार्यक्रमको संचालन कार्यालय साहायक विञ्जना ढुंगानाले गरेकी थिईन ।

# भू.पू. विद्यार्थी मञ्चमा आजिवन सदस्यता लिने बढ्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको गण्डकी प्रदेश मै नाम राख्न सफल सामुदायिक विद्यालय छोरेपाटन माविका पुर्व विद्यार्थीहरुको साझा संस्था छोरेपाटन मावि भुपु विद्यार्थी मञ्चको आजिवन सदस्य बन्ने क्रमश बढ्दै गएका छन् ।

२०६१ सालमा दिपकराज वरालको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भई केहि वर्ष नियमित विभिन्न कार्यक्रम गरिरहेकोमा कार्यसमितिका सदस्यहरुको कार्य व्यस्तता, मञ्चको कार्यालय व्यवस्थापन हुन नसक्दा संस्था निष्कृय भएकोले २०८० सालमा विद्यालयका सहायक प्रअ तथा पुर्व विद्यार्थी खेमराज बराल (धुब), पुर्व विद्यार्थीहरु हिमलाल उपाध्याय, कृष्ण रानाभाटको सक्रियतामा पुर्व विद्यार्थीहरुको भेलाले मिडिया संचालक कृष्ण रानाभाटको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको थियो ।

पछिल्लो समय संस्थालाई विधिवत दर्ता गरेपछि विद्यालयमा धेरै कार्यहरु गर्दै आएको छ । विद्यार्थीहरुलाई न्यानो कपडा, स्कुल ड्रेस वितरण, पत्रकारिता तालिम, चित्रकला प्रतियोगिता, साहित्यीक कार्यक्रमहरु, विद्यालय परिसरमा सरसफाई, पुर्व विद्यार्थीहरु विच पुनःमिलन कार्यक्रम, वनभोज कार्यक्रम, २३ सय विद्यार्थीहरुको ३ दिन लगाएर आँखा स्क्रीनिङ लगायतका कार्यहरु गरेको सचिव शालिकराम भण्डारीले वताए । उक्त कार्यक्रमहरु सम्पन्न गर्नको लागि छोरेपाटन माविका प्रधानाध्यापक डिल्लिराम शर्मा, सिटिजन फर्निचर, न्युरोड, हिमालय आँखा अस्पताल, घारीपाटन, पोखरा महानगरपालिका सरसफाई शाखा, स्वतन्त्र पत्रकार संघ कास्की, सहायक प्रधानाध्यापक खेमराज बराल धुब, देवराज आचार्य, रेनुका थेबे लगाएतले विशेष सहयोग गरेका कोषाध्यक्ष कविता गुरुङले वताईन् । संस्था स्थापना देखि नै विभिन्न क्रियाकलापहरु गर्दै आएको र पोखरा महानगरपालिकाले वर्षौ देखि विद्यालयले हकभोग गरेको डेभिज फल तेश्रो व्यक्तिलाई लामो समयको लागि लिजमा दिन लागेकोमा स्कुलकै हुनु पर्ने धारणा राख्दै आएको र सदस्यता वृद्धि अभियान अन्तरगत घर दैलो कार्यक्रम गरे पश्चात हाल पुर्व विद्यार्थीहरु संस्थामा आवद्ध हुन इच्छुक भएका हुन् ।

**Government of Gandaki Province**
**Ministry of Social Development,Youth And Sports**
**Province Museum**
**Pokhara**

**Invitation for Electronic Bids**

**IFB No: PM/KASKI/NCB/W/03/081-82**
**Date of Publication: 16-07-2025**

1. Province Museum,Pokhara invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S.N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Bid Security Amount (NRs) and validity | AACT (NRs.) | Construction Work Experience Of similar Size And Nature |
|---|---|---|---|---|---|---|
| 1 | Construction of New Building After Dismantle Of Old Building | PM/KASKI/ NCB/W/ 03/081-82 | 5000.00/ | 700000.00/ 30 days beyond the validity period of the bid. Bank address & Name,Office Name, Acc no, code As mentioned in Bid Document | NPR- 37000000.00 | One Building Contract with value NPR 10000000.00 |

2. Submission and Opening:

| Submission | | Opening | | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Other Requirments as per Bid document. |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 15-08-2025 | 12.00 | 15-08-2025 | 13.00 | |
| Pre bid meeting-01-08-2025 12:00 Province Museum,Pokhara | | | | |

Information to deposit the cost of bidding document in Bank:

| Name of Bank | Name of Office | Office code no | Account no | Rajaswa shirshak no |
|---|---|---|---|---|
| Rastriya Banijya Bank | Province Museum Gandaki Province Pokhara | 1-1-1-1 | 3500039024 | 14229 |

Bidders may obtain further information from the office Province Museum, Pokhara.
https://provincemuseum.gandaki.gov.np/
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
Evaluation and qualification criteria as per Bid Document.
**नोटः** मिति २०८२/०३/१० गते दोस्रो पटक प्रकाशित सूचनाअनुसार पेश भएका कुनैपनि वोलपत्र सारभुत रुपमा प्रभावग्राही नभएको हुँदा यसै सूचना अनुसार वोलपत्र अस्विकृत गरिएको छ ।